६८६

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त किरणकुमार पोखरेल

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

**मु.नं. ९२/२०७०/०७१**

**निर्णय नं.६०**

ने.रा.नि.मा.वि. वघन ५ वाराका महेन्द्र प्रसाद जैसवाल ......................................१ पुनरावेदक

**विरूद्ध**

प्रधानाध्यापक, ने.रा.नि.मा.वि. वघन ५ वारा ......................................१ विपक्षी

**विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।**

ने.रा.नि.मा.वि. वघन ५ वाराका महेन्द्र प्रसाद जैसवालले ने.रा.नि.मा.वि. वघन ५ वारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०५।२० मा पुनरावेदन गरेकोमा यस आयोगवाट प्रक्रिया नपुगेको भनी तामेलीमा राख्ने मिति २०७०।५।२६ मा आदेश भएको । पुनरावेदकले मिति २०७०।०६।१४ मा यस आयोग समक्ष प्रक्रिया पुऱ्याई पुनरावेदन गरेको । यस आयोगबाट मिति २०७०।०७।१४ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न ने.रा.नि.मा.वि. वघन ५ वारालाई यस आयोगबाट मिति २०७०।०७।१४, च.नं. ३५८, पु.च.नं. १०५ को पत्र पठाइएकोमा पुनरावेदकले मिति २०७०।०९।०४ र २०७०।१२।१७ मा सूचना नपाएको भनी पुनरावेदन गरेकोका उक्त आदेश कार्यान्वयन गर्न क्रमशः मिति २०७०।१०।१५, च.नं. ६०९, पु.च.नं. १५८, मिति २०७१।०१।०४, च.नं. ८६३, पु.च.नं. ३२२ र २०७१।१०।२३, पु.च.नं. ६१४ मा ताकेता पत्र पठाएको । उक्त पत्राचार पश्चात पुनरावेदकबाट सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भाद्र २८ गते रोज २ शुभम् ।